नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, मंसिर २२ गते, २०६६ साल (संख्या ३३

भाग ३

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालयको सूचना

राष्ट्रिय प्रसारण (चौथो संशोधन) नियमावली, २०६६

राष्ट्रिय प्रसारण नियमावली,२०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राष्ट्रिय प्रसारण (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय प्रसारण नियमावली,२०५२ को नियम २ मा संशोधन: राष्ट्रिय प्रसारण नियमावली,२०५२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन् :-

"(ख) अनुमतिपत्र" भन्नाले ऐनको दफा ९ को उपदफा (२) बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न दिइएको स्वीकृति सम्झनु पर्छ र सो शब्दले कार्यक्रम डाउनलिङ्क गर्न तथा सिग्नल वितरणको लागि नियम ६ बमोजिम प्रदान गरिएको अनुमतिपत्र समेतलाई जनाउँछ ।

(ग) "अन्य सञ्चार माध्यम" भन्नाले स्याटेलाइट तथा केबुल बाहेकका अन्य सञ्चार माध्यम सम्झनु पर्छ र सो शब्दले मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि.एस), अप्टिकल फाइबर ट्रान्समिसन प्रणाली वा इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि) प्रणाली समेतलाई जनाउँछ ।"

(२) खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२) र (ग३) थपिएका छन्:-

"(ग१) "डाउनलिङ्क" भन्नाले स्याटेलाइट मार्फत प्रसारण गरिएका कार्यक्रमलाई स्थानीय वितरण प्रणाली वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट प्रसारण गर्ने उद्देश्यले कार्यक्रम डाउनलिङ्क गर्ने कार्य सम्झनु पर्छ ।

(ग२) "स्थानीय वितरण प्रणाली" भन्नाले स्याटेलाइट वा भू-उपग्रह प्रसार केन्द्रबाट प्रसारण गरिएका कार्यक्रम केबुल, मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम वा यस्तै अन्य किसिमका वितरण प्रणाली प्रयोग गरी कुनै खास क्षेत्रका उपभोक्ता समक्ष वितरण गर्ने प्रणाली सम्झनु पर्छ ।

(ग३) "स्याटेलाइट वितरण प्रणाली" भन्नाले नेपालभित्र स्थापना गरिएको भू-उपग्रह प्रसार केन्द्रको माध्यमबाट उपभोक्तालाई कार्यक्रम वितरण गर्ने प्रणाली सम्झनु पर्छ र सो शब्दले केयू ब्याण्ड भू-उपग्रहको माध्यमबाट उपभोक्ता समक्ष सोझै कार्यक्रम वितरण गर्ने कार्य (डाइरेक्ट टु होम) समेतलाई जनाउँछ ।"

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधन</u> : मूल नियमावलीको नियम ४ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर रेडियो फ्रिक्वेन्सी उपलब्ध गराउन नसकिने भएमा इजाजतपत्र दिइने छैन ।"

४. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ मा रहेका "भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी" भन्ने शब्दहरु पछि "वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट" भन्ने शब्दहरु थपिएका छन् ।

५. मूल नियमावलीमा नियम ५क. र ५ख. थप : मूल नियमावलीको नियम ५ पछि देहायका नियम ५क. र ५ख. थपिएका छन् :-

"५क. डाउनलिङ्क गर्न अनुमतिपत्र लिनु पर्ने: (१) कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गराउन चाहेमा अनुमतिपत्रको लागि नियम ७ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-३(क) बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत विदेशी मुलुकबाट प्रसारण भएको कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गर्ने विदेशी प्रसारण संस्थाले अनुमतिपत्रको लागि यो नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र उपनियम (१) बमोजिम निवेदन दिइसक्नु पर्नेछ ।

५ख. सिग्नल वितरणको लागि अनुमतिपत्र लिनु पर्ने : (१) नेपालभित्र कार्यक्रम डाउनलिङ्क गरी प्रसारण गर्न अनुमतिपत्र पाएको विदेशी प्रसारण संस्थाबाट प्रसारण भएका सशुल्क च्यानेलको सिग्नल वितरण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले अनुमतिपत्रको लागि नियम ७ को उपनियम (१) बमोजिमको दस्तुर सहित अनुसूची-३(ख) बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत विदेशी प्रसारण संस्थाबाट प्रसारण भएको सशुल्क च्यानेलको सिग्नल नेपालभित्र वितरण गरिरहेका व्यक्ति वा सङ्गठित संस्थाले अनुमतिपत्रको लागि यो नियम प्रारम्भ भएको मितिले नौ महिनाभित्र उपनियम (१) बमोजिम निवेदन दिइसक्नु पर्नेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ:-

"६ अनुमतिपत्र दिन सक्ने : (१) नियम ५, ५क. वा ५ख. बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकले पूरा गर्नुपर्ने शर्त पूरा गरेको र प्राविधिक रुपमा सम्भव भएमा नियम ७ को उपनियम (२) बमोजिमको दस्तुर लिई देहाय बमोजिम अनुमतिपत्र दिन सक्नेछ:-

(क) स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्नको लागि अनुसूची-४ बमोजिमको ढाँचामा,

(ख) कार्यक्रम डाउनलिङ्क गर्नको लागि अनुसूची-४(क) बमोजिमको ढाँचामा, र

(ग) सिग्नल वितरणको लागि अनुसूची-४(ख) बमोजिमको ढाँचामा ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम कार्यक्रम डाउनलिङ्क गर्नको लागि अनुमतिपत्र दिनु अघि मन्त्रालयले कार्यक्रम डाउनलिङ्क गरिने प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रमको भाषा तथा विषयवस्तु समेतलाई विचार गर्नेछ ।

(३) उपनियम (१) बमोजिम डाउनलिङ्क गर्न अनुमतिपत्र दिइसकेपछि मन्त्रालयले सो सम्बन्धी सूचना राष्ट्रिय स्तरको कुनै पत्रिकामा प्रकाशन गर्नेछ ।"

७. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ:-

"(छ१) सशुल्क च्यानेलको सिग्नल माग गर्ने इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई समान रुपमा सिग्नल उपलब्ध गराउनु पर्ने ।"

८. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को,-

(१) खण्ड (क) झिकिएको छ ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

९. मूल नियमावलीमा नियम ९क. थप : मूल नियमावलीको नियम ९ पछि देहायको नियम ९क. थपिएको छ :-

"९क. कार्यक्रम प्रसारण प्रारम्भ गर्नु पर्ने : (१) इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले बाह्र महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र वा अनुमतिपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा मन्त्रालयले छ महिनासम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा सङ्गठित संस्थाको इजाजतपत्र वा अनुमतिपत्र स्वतः रद्द हुनेछ ।"

१०. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशत वा वार्षिक कुल नाफाको दश प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम प्रसारण शुल्क बापत नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागि "कुल आम्दानी" भन्नाले ऋण वा सापटी लिएको रकम बाहेक प्रसारण संस्थालाई प्राप्त हुने जुनसुकै आयलाई जनाउँछ ।"

(२) उपनियम (३) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ:-

"(ङ) विदेशी मुद्रा विनिमय सुविधा नदिन ।"

११. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) इजाजतपत्र तथा अनुमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।"

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा मन्त्रालयले इजाजतपत्र वा अनुमतिपत्र दिंदा लाग्ने दस्तुरको दश प्रतिशतले हुने रकम लिई त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गरिदिन सक्नेछ ।"

१२. मूल नियमावलीमा नियम १६क. थप : मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६क. थपिएको छ :-

"१६क. विदेशी मुद्रा विनिमयका लागि सिफारिस गर्न सक्ने: कुनै प्रसारण संस्थालाई आवश्यक पर्ने उपकरण विदेशबाट आयात गर्नु पर्ने भएमा वा कुनै प्रसारण संस्था विदेशी प्रसारण संस्थासँग आबद्ध हुँदा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो संस्थासँग सिग्नल वितरण सम्बन्धमा सम्झौता गर्दा विदेशी मुद्रा आवश्यक पर्ने भएमा त्यस्तो मुद्रा प्रचलित खुल्ला विनिमय दरमा उपलब्ध गराउन मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।"

१३. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन् :-

"(३) कसैले ऐन वा यस नियमावली बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नलिई अनधिकृत रुपमा कुनै कार्यक्रम प्रसारण वा वितरण गरेको देखिएमा मन्त्रालयले त्यस्तो कार्यक्रम प्रसारण वा वितरण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन वा सो यन्त्र वा उपकरण प्रयोग गर्न नसक्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) यस नियम बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकिदिएको अधिकारीबाट गरिने निरीक्षण तथा छानबीनका क्रममा आवश्यक सहयोग पुऱ्याउनु वा प्रसारण क्षेत्रभित्र मन्त्रालयले तोकेको स्थानमा कुनै कार्यक्रम हेर्न वा सुन्न सकिने व्यवस्था गर्नु सम्बन्धित प्रसारण संस्थाको कर्तव्य हुनेछ ।"

१४. मूल नियमावलीको नियम २१ मा संशोधन : मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ:-

"२१. सजाय गर्ने अधिकारी: (१) ऐनको दफा १७ बमोजिमको सजाय गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ ।

(२) उपनियम (१) बमोजिम सजायको आदेश गर्नु अघि सम्बन्धित पक्षलाई सफाइको लागि मनासिव मौका दिनु पर्नेछ ।

१५. मूल नियमावलीमा नियम २१क. थप : मूल नियमावलीको नियम २१ पछि देहायको नियम २१क. थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२१क. दस्तुर वा प्रसारण तथा वितरण शुल्क छुट दिन सक्ने: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका प्रसारण संस्थालाई यस नियमावली बमोजिम लाग्ने इजाजतपत्र दस्तुर, प्रसारण तथा वितरण शुल्क र नवीकरण दस्तुर पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ।"

१६. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीको,-

(१) अनुसूची-३ को सट्टा यसैसाथ संलग्न अनुसूची-३ राखिएको छ।

(२) अनुसूची-३ पछि यसैसाथ संलग्न अनुसूची-३(क) र ३(ख) थपिएका छन्।

(३) अनुसूची-४ को सट्टा यसैसाथ संलग्न अनुसूची-४ राखिएको छ।

(४) अनुसूची-४ पछि यसैसाथ संलग्न अनुसूची-४(क) र ४(ख) थपिएका छन्।

(५) अनुसूची-५(क) को सट्टा यसैसाथ संलग्न अनुसूची-५(क) राखिएको छ।

(६) अनुसूची-५(ख) को,-

(१) क्रमसङ्ख्या २., ३. र ४. को सट्टा देहायका क्रमसङ्ख्या २., ३. र ४. राखिएका छन्:-

"२. फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि:-

(क) २० वाटसम्मको लागि -	रु. १,०००।-
(ख) २० वाटभन्दा माथि ५० वाटसम्मको लागि -	रु. २,०००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) ५० वाटभन्दा माथि १०० वाटसम्मको लागि - रु. २०,०००।-

(घ) १०० वाटभन्दा माथि २५० वाटसम्मको लागि - रु.१,५०,०००।-

(ङ) २५० वाटभन्दा माथि ५०० वाटसम्मको लागि - रु.३,००,०००।-

(च) ५०० वाटभन्दा माथि १००० वाटसम्मको लागि - रु.७,५०,०००।-

(छ) १००० वाटभन्दा माथि २००० वाटसम्मको लागि - रु.१०,००,०००।-

(ज) २००० वाटभन्दा माथिको लागि - रु.२०,००,०००।-

३. स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि - रु.१०,००,०००।-

४. स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रु.२५,०००।-"

(२) क्रमसङ्ख्या ४. पछि देहायका क्रमसङ्ख्या ४क. र ४ख. थपिएका छन् :-

"४क. निःशुल्क वा विज्ञापन समावेश नभएको सःशुल्क च्यानेलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल रु.२५,०००।-

४ख. विज्ञापन समावेश भएको सःशुल्क

335

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	च्यानेलको डाउनलिङ्क गरी कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल	रु.५०,०००।-"

(३) क्रमसङ्ख्या ५. को खण्ड १ र २ को सट्टा देहायका खण्ड १ र २ राखिएका छन् :-

"१	मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि.एस) बाट हुने प्रसारणको लागि प्रति च्यानेल	रु. २,५००।-
२	भेरी हाई फ्रिक्वेन्सी (भी.एच.एफ) र अल्ट्रा हाई फ्रिक्वेन्सी (यू.एच.एफ) प्रयोग गर्ने ट्रान्समिटर प्रणालीबाट गरिने सतहगत टेलिभिजन प्रसारण केन्द्र वा प्रत्येक रिले स्टेसनको लागि -	
	(क) ५०० वाटसम्मको लागि -	रु.५,००,०००।-
	(ख) ५०० वाटभन्दा माथि १००० वाटसम्मको लागि -	रु.७,५०,०००।-
	(ग) १००० वाटभन्दा माथि ३००० वाटसम्मको लागि -	रु.१०,००,०००।-
	(घ) ३००० वाटभन्दा माथि ५००० वाटसम्मको लागि -	रु.१५,००,०००।-
	(ङ) ५००० वाटभन्दा माथि १०००० वाटसम्मको लागि -	रु.२५,००,०००।-"

(४) क्रमसंख्या ५. को खण्ड ३ पछि देहायको खण्ड ४ थपिएको छ :-

"४	इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आइ.पि.टि.भि.) प्रणालीबाट कार्यक्रम प्रसारण गर्नको लागि प्रति च्यानेल	रु२५,०००।-"

(५) ठाउँ ठाउँमा रहेका "प्रति वर्ष" भन्ने शब्दहरु झिकिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ३
(नियम ५ सँग सम्बन्धित)

स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने अनुमतिपत्रको लागि दिइने

निवेदन

श्री..................

राष्ट्रिय प्रसारण नियमावली,२०५२ को नियम ५ बमोजिम स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,-

(क) नाम:

(ख) स्थायी ठेगाना - (ग) अस्थायी ठेगाना -

जिल्ला : - जिल्ला :

नगरपालिका/गा.वि.स :-

नगरपालिका/गा.वि.स.:-

वडा नं :- वडा नं :-

गाउँ/ टोल :- गाउँ/ टोल :-

घर नं:- घर नं:-

फोन नं :- फोन नं :-

337

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

फ्याक्स नं :- फ्याक्स नं :-

इमेल :- इमेल :-

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वर:-

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी):-

(च) अनुभव :-

(छ) प्राविधिक दक्षता :-

२. प्रसारणको लागि गरिने लगानी,-

(क) प्रस्तावित लगानी:-

(ख) लगानीको स्रोत :-

३. प्रसारणबाट हुने आय र आयको स्रोत :-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम

(क) स्याटेलाइटसँग अपलिङ्क गर्ने :-

(ख) वितरण गर्ने प्रणाली :-

(ग) अन्य तरिकाबाट:-

५. भू-उपग्रह प्रसार केन्द्रको विवरण,-

(क) लिङ्क गरिने स्याटेलाइट/फ्रुटप्रिन्ट :-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी व्याण्ड/फ्रिक्वेन्सी/एन्टेना सम्बन्धी विवरण :-

(ग) प्रसारण वितरण गर्ने सतह माध्यम :-

(घ) प्रसारण वितरण गर्ने च्यानेल सङ्ख्या/ विवरण :-

६. प्रसारण केन्द्र स्थापना गरिने ठाउँ :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. प्रसारण हुने क्षेत्र :-

८. प्रसारण प्रारम्भ हुने मिति :-

९. प्रसारणमा प्रयोग हुने च्यानेल र भाषा :-

१०. प्रसारणको समय र समयावधि :-

११. प्रसारण गरिने कार्यक्रमहरु :-

१२. उपकरण आयात गरिने मुलुकको नाम :-

१३. अन्य विवरण,-

(क)

(ख)

(ग)

निवेदकको,-

सही :-

निवेदक संस्था भए संस्थाको छाप

नाम :-

मिति :-

द्रष्टव्य : निवेदकले आफूले अनुमतिपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई सोको प्रतिवेदन निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३(क)

(नियम ५क.को उपनियम (१) सँग सम्बन्धित)

डाउलिङ्क गर्ने अनुमतिपत्रको लागि दिईने

निवेदन

श्री..................

राष्ट्रिय प्रसारण नियमावली,२०५२ को नियम ५क. बमोजिम डाउनलिङ्क गरी नेपालभित्र कार्यक्रम प्रसारण गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,-

(क) नामः-

(ख) स्थायी ठेगाना - (ग) अस्थायी ठेगाना -

जिल्ला : - जिल्ला :

नगरपालिका/गा.वि.स :-

नगरपालिका/गा.वि.स.:-

वडा नं :- वडा नं :-

गाउँ/ टोल :- गाउँ/ टोल :-

घर नंः- घर नंः-

फोन न. :- फोन नं :-

फ्याक्स नं. :- फ्याक्स नं :-

इमेल :- इमेल :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वरः-

२. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम,-

(क) स्याटेलाइटसँग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम):-

(ख) केबुलः-

(ग) अन्य तरिकाबाटः-

३. डाउनलिङ्क गर्ने च्यानेलको विवरण,-

(क) लिङ्क गरिने स्याटेलाइट/फुटप्रिन्ट र च्यानल प्रसारण गर्ने देशः-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यम :-

(ग) प्रसारण वितरण गर्ने च्यानेल सङ्ख्या/ विवरण :-

४. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरण :-

५. डाउनलिङ्क गरिने ठाउँ :-

६. प्रसारण हुने क्षेत्र :-

७. डाउनलिङ्क गरिने मिति :-

८. च्यानेलमा प्रयोग हुने भाषा :-

९. प्रसारणको समय र समयावधि :-

१०. प्रसारण गरिने कार्यक्रमहरु :-

११. अन्य विवरण,-

(क)

(ख)

(ग)

निवेदकको,-

सही :-

नाम :-

निवेदक संस्था भए संस्थाको छाप

मिति :-

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-३(ख)

(नियम ५ख. को उपनियम (१) सँग सम्बन्धित)

सिग्नल वितरण गर्ने अनुमतिपत्रको लागि दिईने

निवेदन

श्री.................

राष्ट्रिय प्रसारण नियमावली,२०५२ को नियम ५ख. बमोजिम सिग्नल वितरण गर्ने अनुमतिपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको,-

(क) नामः-

(ख) स्थायी ठेगाना -	(ग) अस्थायी ठेगाना -
जिल्ला : -	जिल्ला :
नगरपालिका/गा.वि.स :-	नगरपालिका/गा.वि.स.:-
वडा नं :-	वडा नं :-
गाउँ/ टोल :-	गाउँ/ टोल :-
घर नं:-	घर नं:-
फोन नं :-	फोन नं :-
फ्याक्स नं :-	फ्याक्स नं :-
इमेल :-	इमेल :-

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र संस्था भए संस्था दर्ता नम्बरः-

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालू पूँजी):-

(च) अनुभव :-

२. कार्यालयको,-

ठेगाना :-

टेलिफोन नं :-

फ्याक्स नं :-

इमेल :-

३. प्रसारणबाट हुने आय र आयको स्रोत :-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम

(क) स्याटेलाइटसँग अपलिंक गर्ने (डाईरेक्ट टु होम):-

(ख) केबुल :-

(ग) अन्य तरिकाबाट:-

५. सिग्नल वितरण गरिने च्यानेलको विवरण,-

(क) लिङ्क गरिने स्याटेलाइट/फुटप्रिन्ट र च्यानल प्रसारण गर्ने देश:-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी व्याण्ड/डाउनलिङ्क फ्रिक्वेन्सी सम्बन्धी विवरण :-

(ग) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यम :-

(घ) डाउनलिङ्क गर्ने च्यानेलहरुको सङ्ख्या र नाम :-

६. प्रसारण हुने क्षेत्र:-

७. सिग्लन वितरण शुरु हुने मिति :-

८. च्यानेलमा प्रयोग हुने भाषा :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रसारणको समय र समयावधि :-

१०. प्रसारण गरिने कार्यक्रमहरु :-

११. अन्य विवरण :-

(क)

(ख)

(ग)

१२. संलग्न गर्नु पर्ने कागजात:

सिग्नल वितरण सम्बन्धमा विदेशी प्रसारण संस्थासँग भएको सम्झौताको प्रतिलिपि ।

निवेदकको,-

निवेदक संस्था भए संस्थाको छाप

सही :-

नाम :-

मिति :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम ६ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसार केन्द्रको स्थापना गरी वा स्याटेलाइट वितरण प्रणालीको माध्यमबाट कार्यक्रम प्रसारण गर्ने

अनुमतिपत्र

अनुमतिपत्र नं :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी:-
जिल्ला :-
नगरपालिका/गा.वि.स. :-
वडा नं : -
गाउँ/टोल :-
फोन नं :-

(ख) अस्थायी:-
जिल्ला :-
नगरपालिका/गा.वि.स. :-
वडा नं : -
गाउँ/टोल :-
फोन नं :-

३. अनुमतिपत्र पाउने व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वर:-

४. भू-उपग्रह प्रसार केन्द्रको :-

(क) लिङ्क गरिने स्याटेलाइट/फुट प्रिन्ट:-
(ख) प्रयोग गरिने फ्रिक्वेन्सी ब्याण्ड/फ्रिक्वेन्सी:-
(ग) प्रसारण वितरण गर्ने सतह माध्यम:-
(घ) एण्टेना:-
(ङ) प्रसारण गर्ने च्यानेल सङ्ख्या/विवरण :-

५. प्रसारणको माध्यम :-

६. प्रसारण केन्द्र स्थापना गर्ने ठाउँ :-

७. प्रसारण हुने क्षेत्र :-

८. प्रसारण प्रारम्भ हुने मिति :-

९. प्रसारणमा प्रयोग हुने च्यानेल र भाषा :-

१०. प्रसारणको समय र समयावधि :-

११. प्रसारण गरिने कार्यक्रम :-

345

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अनुमतिपत्र बहाल रहने अवधि :-

१३. अन्य शर्तहरु :-

(क)

(ख)

(ग)

अनुमतिपत्र दिने अधिकारीको,-

कार्यालयको छाप

सही :-

नाम : -

दर्जा :-

मिति :-

कार्यालय :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४(क)

(नियम ६ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

डाउनलिङ्क गर्ने

अनुमतिपत्र

अनुमतिपत्र नं :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी :-

जिल्ला : -

नगरपालिका/गा.वि.स :-

वडा नं :-

गाउँ/टोल :-

घर नं:-

फोन नं :-

फ्याक्स नं :-

इमेल :-

(ख) अस्थायी :-

जिल्ला :

नगरपालिका/गा.वि.स.:-

वडा नं :-

गाउँ/टोल :-

घर नं:-

फोन नं :-

फ्याक्स नं :-

इमेल :-

३. अनुमतिपत्र पाउने व्यक्ति भए नागरिकता नम्वर र संस्था भए संस्था दर्ता नम्वर:-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यम:-

(क) स्याटेलाइटसँग अपलिङ्क गर्ने (डाईरेक्ट टु होम):-

(ख) केबुल :-

(ग) अन्य तरिकाबाट:-

५. डाउनलिङ्क गर्ने च्यानेलको विवरण :-

(क) लिङ्क गरिने स्याटेलाइट/फुटप्रिन्ट र च्यानल प्रसारण गर्ने देश:-

(ख) डाउनलिङ्क गरी प्रसारण वितरण गर्ने सतह माध्यम :-

(ग) प्रसारण वितरण गर्ने च्यानल सङ्ख्या/ विवरण :-

६. प्रयोग गरिने डाउनलिङ्क फ्रिक्वेन्सी र एन्टेना सम्बन्धी विवरण :-

७. डाउनलिङ्क गर्ने प्रणाली :-

८. डाउनलिङ्क गरिने ठाउँ :-

९. डाउनलिङ्क च्यानेल वितरण गर्ने क्षेत्र :-

१०. डाउनलिङ्क गरिने मिति :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. च्यानेलमा प्रयोग हुने भाषा :-
१२. प्रसारणको समय र समयावधि :-
१३. प्रसारण गरिने कार्यक्रम :-
१४. अनुमतिपत्र बहाल रहने अवधि :-
१५. अन्य शर्तहरु :-
(क)
(ख)
(ग)

कार्यालयको छाप

अनुमतिपत्र दिने अधिकारीको,-
सही :-
नाम : -
दर्जा :-
कार्यालय :-

मिति :-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ४(ख)

(नियम ६ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

सिग्नल वितरणको

अनुमतिपत्र

अनुमतिपत्र नं :-

१. अनुमतिपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना :-	(ख) अस्थायी ठेगाना :-
जिल्ला :-	जिल्ला :-
नगरपालिका /गा.वि.स. :-	नगरपालिका /गा.वि.स. :-
वडा नं : -	वडा नं : -
गाउँ /टोल :-	गाउँ /टोल :-
फोन नं :-	फोन नं :-
फ्याक्स नं :-	फ्याक्स नं :-
इमेल :-	इमेल :-

३. अनुमतिपत्र पाउने व्यक्ति भए नागरिकता नम्वर र संगठित संस्था भए संस्था दर्ता नम्वरः-

४. सिग्नल वितरण गरिने भू-उपग्रह प्रसार केन्द्रको,-

(क) लिङ्क गरिने स्याटेलाईट/प्रसार केन्द्र रहने देश :-

(ख) प्रयोग गरिने फ्रिक्वेन्सी ब्याण्ड/डाउनलिङ्क फ्रिक्वेन्सी :-

(ग) प्रसारण वितरण गर्ने सतह माध्यम :-

(घ) डाउनलिङ्क गर्ने च्यानेलको संख्या र नाम :-

५. च्यानेल वितरण हुने क्षेत्र :-

६. च्यानेल प्रसारण शुरु हुने मिति :-

७. च्यानलमा प्रयोग हुने भाषा :-

८. प्रसारणको समय र समयावधि :-

९. प्रसारण गरिने कार्यक्रमहरु :-

१०. अनुमतिपत्र वहाल रहने अवधि :-

११. अन्य शर्तहरु :-

(क)

(ख)

(ग)

कार्यालयको छाप

अनुमतिपत्र दिने अधिकारीको,-

सही :-

नाम : -

दर्जा :-

मिति :-

कार्यालय :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५(क)

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

इजाजतपत्र तथा अनुमतिपत्र लिनको लागि निवेदन दिंदा लाग्ने दस्तुर

१. फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली स्थापना गरी वा केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि	रु.२,०००।-
२. स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण केन्द्र स्थापना गरी वा स्याटेलाइट वितरण प्रणाली वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्नको लागि	रु.५,०००।-
३. डाउनलिङ्क गर्न वा सिग्नल वितरण गर्नको लागि	रु.५,०००।-

आज्ञाले,

सुशील घिमिरे

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मो.हु.दा.नं. १६।०६२।६३